# भक्तपुर नगरपालिका

स्थानीय पाठ्यक्रम

२०७५

# खपको पहिचान

## आधारभूत तह (कक्षा ३)

प्रस्तुतकर्ता

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल :

योगेन्द्रमान बिजुक्छें

सिद्धिरत्न शाक्य

उद्धव सुजखु

रोशनराज तुइतुई

राजेन्द्रप्रसाद श्रेष्ठ

प्रकाशक :
भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : वि.सं. २०७७ बैशाख
मुद्रण प्रति :

स्वयं नगरपालिका
भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २४३
चलानी नं. : ५९५

मिति: २०७६/६/१

## नगर प्रमुखको भनाइ

कला र संस्कृतिले सम्पन्न भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्र बनाउने भक्तपुर नगरपालिकाको उद्देश्य हो । यही उद्देश्य पुरा गर्न दुइ दशक अगाडिदेखि भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप मावि, शारदा कलेज लगायत सातवटा शैक्षिक संस्थाहरू स्थापना गरी सञ्चालन गर्दै आएको छ । ती शैक्षिक संस्थाहरुले भक्तपुरलगायत विभिन्न जिल्लाका गरी वार्षिक छ हजारभन्दा बढी विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका छन् । स्थानीय तहबाट उच्च शिक्षा प्रदान गर्ने देशको एउटै मात्र नगरपालिका हो भक्तपुर । यो हामी सबै नगरबासीहरुको गर्वको कुरा हो ।

भक्तपुर नगरपालिका नयाँ पुस्तालाई २१ औं शताब्दीको लागि योग्य र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान विद्यार्थीहरु उत्पादन गर्न प्रयत्नशील छ । यसको लागि राष्ट्रिय र अन्तराष्ट्रिय बिषय संगसंगै आधारभूत तहदेखि नै स्थानीय बिषयमा जानकारी दिनु पर्ने आवश्यकता महसुस गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि भक्तपुर नगरपालिकाले बुद्धिजीवी र पाठ्यक्रम विज्ञहरूसँग छलफल गरी स्थानीय पाठ्यक्रम लागू गर्दै आएको छ । भक्तपुरको भूगोल, इतिहास, राजनीति, कला-संस्कृति, भाषा, महत्वपूर्ण व्यक्तित्व लगायतका विषयमा नयाँ पुस्तालाई जानकारी दिने स्थानीय पाठ्यक्रमको उद्देश्य हो । पाठ्क्रम तयार गर्न योगेन्द्रमान बिजुक्छेंको संयोजकत्वमा ५ सदस्यीय कार्यदल बनाइ पाठ्यक्रम निर्माण प्रक्रियालाई अगाडि बढाइयो । स्थानीय पाठ्यक्रम लागू भएको यो तेस्रो वर्ष हो । २०७७ देखि कक्षा ३ र ८ मा पनि स्थानीय पाठ्यक्रम लागू गरिनेछ । यस अधिका वर्षहरूमा कक्षा १, ५, २ र ७ मा चरणबद्ध रुपमा लागू गरी अध्यापन भइरहेको छ ।

पाठ्यक्रम निर्माण सहज विषय होइन । स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरुले विज्ञहरू र सरोकारवालाहरूसँग नियमित छलफल गरी समयमै पाठ्यक्रम तयार गरेर नगरपालिकालाई सहयोग गर्नुभयो । कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छें, सदस्यहरू सिद्धिरत्न शाक्य, उद्धव सुजखु, रोशनराज तुईतुई र राजेन्द्र श्रेष्ठलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं ।

पाठ्यपुस्तक विना विद्यार्थीहरूलाई पढाउनु शिक्षकहरुको लागि कम चुनौतीपूर्ण छैन । भक्तपुर नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूले यसको अभ्यास गर्दै आउनुभएको छ । यो हाम्रो नयाँ अभ्यास हो । विद्यालयहरूका शिक्षकहरूलाई अध्यापन गर्न सहज बनाउन 'ख्वपको पहिचान सन्दर्भ सामाग्री–२०७६' प्रकाशित गरी सबै विद्यालयहरूमा पुऱ्याइसकेका छौं । आशा छ, यसले पठन पाठनमा थप सहयोग पुऱ्याउनेछ ।

पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नारालाई सार्थक बनाउन पनि स्थानीय पाठ्यक्रमले मद्दत गर्ने हाम्रो विश्वास छ । भक्तपुर बाहिरका विभिन्न जिल्लाबाट अध्ययन गर्न आएका विद्यार्थीहरूले समेत स्थानीय पाठ्यक्रमले भक्तपुरका विविध पक्षबारे जानकारी पाउनेछन् ।

अन्तमा, पाठ्यक्रम तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण मित्रहरूमा भक्तपुर नगरपालिकाकोतर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं र निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।

२०७६/६/१

सुनिल प्रजापति
प्रमुख

# हाम्रो भनाइ

भक्तपुर नगरपालिकाको पहलमा स्थानीय पाठ्यक्रम तयार गरी नगरभित्रका ९२ ओटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरेको पनि तीन बर्ष भइसकोछ । पहिलो बर्ष २०७५ सालमा कक्षा १ र ६, दोस्रो बर्ष २०७६ मा कक्षा २ र ७  र तेस्रो बर्ष अथवा यस २०७७ मा कक्षा ३ र ८ गरी जम्मा ६ ओटा कक्षाहरूमा स्थानीय पाठ्यक्रमको पढाई हुँदैछ । अर्को बर्ष २०७८ मा कक्षाहरू ४ र ५ मा थप हुँदै सम्पूर्ण आधारभूत तहका कक्षाहरू १ देखि ८ सम्म लागु भइसक्नेछ ।

यस बर्ष लागु हुने कक्षा ३ र ८ को स्थानीय पाठ्यक्रमको निमार्ण पनि 'राष्ट्रिय पाठ्यक्रम प्रारूप - २०७६'  कै संरचनाभित्र रहेर तयार गरिएको छ । कक्षा ३ र ८ मा पनि अघिलो कक्षाहरूका ११ ओटै एकाइहरूका बिषयवस्तुहरू समावेश गरिएकोछ । यद्यपि, पुरानो परम्परा, संस्कृति र संस्कारहरूलाई अलौकिक धरातल तथा मिथकीय आधारमा मात्र बुझ्नेभन्दा पनि त्यसमा अन्तरनिहित बैज्ञानिक तथ्यहरूलाई पनि क्रमशः उजागर गर्ने प्रयाश गरिएकोछ । साथै, संस्कृति भन्नाले मठ-मन्दिर, पाटि-पौवा तथा इनार र ढुङ्गेधारा जस्ता मूर्त साँस्कृतिक सम्पदालाईमात्र बुझ्ने नगरियोस् भन्ने उद्देश्यले विश्व परिवेशमै अमूर्त संस्कृतिहरू संरक्षण गर्न अझ चुनौतिपूर्ण रहेको युनेस्कोको समेत चिन्ता र चासो रहेको र हाम्रा अमूर्त साँस्कृतिक सम्पदाहरू समेत यस अपवादमा नरहेकाले मूर्त र अमूर्त सांस्कृति सम्पदाको भेदका बारेमा थप जानकारी दिने उद्देश्यले यस पक्षलाई पनि जोड दिइएकोछ ।

सीमान्तकृत, निमुखा, आदिवासी तथा अल्पसंख्यक जनताहरूको संस्कृति, धर्म, परम्परा, इतिहास, रैथाने ज्ञान, सम्पदा तथा अन्य पहिचानसँग सरोकार राख्ने कुराहरूलाई केन्द्रीय शासकहरूले जहिले पनि ओझेलमा पार्दै त्यसको अस्तित्वनै निमित्यान पार्ने कार्य संसारमा जहाँपनि गर्ने गरिएको छ । यो शन्दर्भमा आधुनिक नेपालका हाम्रा शासकहरू संसारका अरू शासकहरूभन्दा  फरक देखिएनन् । त्यसैले संसारभर हिजोको यूरोप केन्द्रित इतिहासलाई नै पुनरलेखन गर्नुपर्ने बहस चलिरहेको छ । यहि आलोकमा सिङ्गो  नेपालको इतिहास बुझ्न नेपालमण्डलको इतिहास र यसको केन्द्रमा रहेको स्वनिगः को सभ्यता (बागमती सभ्यता) को उद्भव र विकासका बारेमा नयाँ पिढीलाई जानकारी गराइएन भने यस स्थानीय पाठ्यक्रमको उद्देश्य नै अधुरो हुने सम्भावना रहेकोले स्वनिगः सभ्यताको परिचयलाई पनि समावेश गरिएकोछ ।  साथै, इतिहासको अति महत्वपूर्ण मध्यकालका विभिन्न कालखण्डहरूमा भक्तपुरको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था र ६२ /६३ को गणतन्त्र सम्मको यात्रामा भक्तपुरले खेलेको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक आन्दोलनहरूको समेत अवस्था र नेपालकै इतिहासमा यसको स्थान समेत ओझेलमा परिरहेको अवस्थालाई मनन गरी बिशेषगरी कक्षा ८ मा यी कुराहरू समावेस गरिएकोछ ।

सिकाइ मूल्याङ्कनको हकमा पचास प्रतिशत सैद्धान्तिक र पचास प्रतिशत प्रयोगात्मकको ब्यबस्था अघिल्लो कक्षाहरूमा जस्तै यस तहमा पनि निरन्तरता दिइएकोछ । तर प्रयोगात्मक मूल्याङ्कनलाई अझ विश्वसनीय बनाउन अध्यापन गराउने शिक्षकको साथै विद्यालयको प्रधानाध्यापक र छिमेकी विद्यालयको शिक्षकलाई समेत केहि जिम्मेवारी दिई मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने नयाँ ढाँचालाई प्रयोग गरिएकोछ ।

विगत दुई बर्षको अनुभवमा बिना पाठ्यपुस्तक स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन साह्रै कठिन भयो भन्ने शिक्षकहरूको गुनासो र अपठ्यारालाई मनन गरी पठन पाठनमा सहजीकरण होस् भन्ने उद्देश्यले यसै बर्ष 'ख्वप पहिचान' नामक स्थानीय पाठ्यक्रम-सन्दर्भ सामग्री भाग -१ को पनि प्रकाशन गरी नगरपालिकाले विद्यालय र सम्बन्धित शिक्षकहरूमा पु-याइसकेको छ । तर कोभिड-१९ को महाब्याधिले विश्वभर फैलिइको विपदले यसपालिको पठनपाठनलाई नराम्ररी धक्का दिएको छ । भोलिका दिनहरूमा स्थिति सामान्य हुने अवस्थामा स्थानीय पाठ्यक्रमको पठनपाठन लगायत अन्य कुराहरूको पनि सहज हुने विश्वाश भने लिनै पर्नेहुन्छ । पाठ्यक्रम निर्माणको क्रममा अमूल्य सुझाव दिनुहुने नपाका प्रमुखज्यू, इतिहास, संस्कृति, संस्कारका विज्ञ अध्ययताहरू, प्रेसका साथीहरू तथा भाषा सम्पादन गरी सहयोग गर्नुहुने सबै सहयोगीहरूलाई कार्यदल हार्दिक आभार ब्यक्त गर्दछ । साथै, कक्षा ३ र ८ को यस स्थानीय पाठ्यक्रम पनि केहि त्रुटी वा कमजोरीहरू छन् भने सकारात्मक सुझावले अर्को प्रकाशनमा सच्याउन साथ दिनुहोला भनि बिनम्र आग्रह गर्दछौँ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
२०७७

# विषय सूची


| विषयक्षेत्र | पृष्ठ सङ्ख्या |
|---|---|
| १. ख्वप दे (भक्तपुर नगरपालिका)को सामान्य परिचय । | ३ |
| २. ख्वपको इतिहास | ३ |
| ३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ५ |
| क) ख्वपमा पाइने थरहरू | ५ |
| ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | ५ |
| ४) स्थानीय विविध संस्कृति : | ६ |
| क) होली पर्व | ६ |
| ख) नाग पञ्चमी | ९ |
| ५) प्रचलित स्थानीय संस्कार | १२ |
| क) चथा पूजा | १२ |
| ख) माघे सङ्क्रान्ति | १५ |
| ६) स्थानीय बोलीचाली र लिपि | १८ |
| ७.स्थानीय कला र सम्पदाहरू : | १९ |
| क) स्थानीय बाजाहरू | १९ |
| ख) स्थानीय नाचहरू | १९ |
| ग) स्थानीय मन्दिर | २० |
| ८. स्थानीय व्यवसाय, सीप र प्रविधि | २० |
| क) पेशा | २० |
| ख) माटाका सामानहरू | २१ |
| ग) सिलाइ बुनाइ | २१ |
| घ) खाद्य परिकार | २१ |
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | २२ |
| १०. स्थानीय खेल | २२ |
| ११. स्थानीय पर्यटन | २३ |

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान
पूर्णाङ्क : १००

पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
उत्तीर्णाङ्क :

तह : आधारभूत शिक्षा तह
प्रतिहप्ता पाठघण्टी : ५

जम्मा पाठघण्टी : १६०

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाब अनुसार स्थानीय विषय वस्तुहरू समावेश गरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ। यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ। ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरूः ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ। प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ। यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाई पछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू(स्थानीय पक्षहरू)मा सक्षम हुनेछन् :

१) ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न।
२) ख्वपको इतिहासको वर्णन गर्न।
३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न।
४) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न।
५) प्रचलित स्थानीय संस्कारहरूको महत्व बताउन।
६) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
७) स्थानीय कला र सम्पदा पहिचान गर्न।
८) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न।
९) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन।
१०) परम्परागत स्थानीय खेलहरू खेल्न।
११) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न।

कक्षा ३

शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | प्रतिहप्ता : ५
कक्षा : ३ | जम्मा पाठघण्टी : १६०

## परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १ देखि ८) मा कक्षा ३ को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यस पाठ्यक्रममा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठ्यक्रममा रहेका विषयवस्तुहरू 'ख्वपको पहिचान'ले यहाँका रैथाने कला संस्कृति, सम्पदा, रहन सहन आदिको जानकारीका साथसाथै स्थानीय स्तरका विभिन्न पक्षहरूको बारेमा ज्ञान, सीप र धारणाको विकास गराई आफू भक्तपुरबासी भएकोमा गर्व भएको महसुस गराउँछ ।

यस पाठ्यक्रममा ख्वप (भक्तपुर नगर)को परिचयसहितको इतिहास, यहाँका विश्व प्रसिद्ध मन्दिर तथा स्मारकहरू, यस क्षेत्रका वभिन्न जातजाति तथा जनसङ्ख्याको सामान्य जानकारी, विशिष्ट व्यक्तित्वहरू, स्थानीय विविध संस्कृतिहरू, स्थानीय बाजाहरू, नाचहरू, मन्दिरहरू समेटिएका छन् । त्यसै गरी स्थानीय सीप, प्रविधि र व्यवसायहरू, स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय स्वास्थ्य प्रवर्द्धन विधिहरू, रैथाने खेल तथा स्थानीय पर्यटनजस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठ्यक्रमको मुख्य विशेषता भन्नु नै सैद्धान्तिक सँगसँगै प्रयोगात्मक रूपमा व्यावहारिक पक्षलाई ध्यान दिनुहो । यस पाठ्यक्रम अध्यापन गराउँदा बालकेन्द्रित विधिबाट अवलोकन, परियोजना कार्य दिने तथा आफै अनुभव गर्ने खालका क्रियाकलापहरू सञ्चालन गर्दा उपयुक्त हुनेछ । यसले विषयवस्तुभन्दा अवधारणालाई जोड दिएको छ ।

कक्षागत उद्देश्यहरू (Grade wise objectives):

भक्तपुर नगरभित्रका विद्यार्थीहरू कक्षा तीनको अध्ययन पूरा गरिसकेपछि निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

१. ख्वपदेमा अवस्थित वडा तथा वडा विभाजनका तथ्यहरू बताउन ।
२. ख्वपदेका प्रसिद्ध मन्दिर र पोखरीहरू अवस्थित वडाहरू पहिचान गर्न ।
३. आफ्नो परिवारको तीन पुस्ताको नाम बताउन ।
४. भक्तपुर जिल्लामा ख्वपदेको इतिहास बताउन ।
५. स्थानीय जातजातिहरूको थरमध्ये पशुपन्छी र कीटपतङ्गको नाम रहेका थरहरूको सूची तयार गर्न ।
६. ख्वपका विभिन्न क्षेत्रमा योगदान गर्ने विशिष्ट व्यक्तित्वहरूका बारेमा बताउन् ।
७. होलीको परिचय, प्रारम्भ दिन र समापन दिनको तिथि बताउन ।
८. होली पर्वको ऐतिहासिक पक्ष, यसले समाजमा दिने सन्देश तथा यस पर्वको विकृति र विसङ्गतिको वर्णन गर्न ।
९. स्थानीय १० प्रकारका बाजाहरूको नाम बताउन ।
१०. स्थानीय नाचहरू कलांली, झ्याउरेलाई दृश्यको आधारमा छुट्ट्याउन ।
११. ख्वपको छिमेकी नगरमा रहेका प्रसिद्ध मन्दिरहरू सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो, चाँगुनारायणको छोटो परिचय दिन ।
१२. शिक्षण, व्यापार र कृषि व्यवसायको परिचय दिन ।
१३. माटोबाट विभिन्न फलफुलहरू बनाउन ।
१४. आफ्नो लुगाको सामान्य (मर्मत) गर्न ।
१५. मासुका विभिन्न परिकार भन्न र बुलु बनाउन ।
१६. स्थानीय पर्व नाग पञ्चमीबारे वर्णन गर्न ।
१७. चथा पर्वको तिथि, मनाउने तरिका, आवश्यक सामग्रीहरू आदि बताउन ।
१८. माघे सङ्क्रान्ति पर्वको महत्त्व, पूजाआजा, खानपानको विषयमा व्याख्या गर्न ।
१९. स्थानीय नेपालभाषामा परिवारका सदस्यहरू र आफन्तहरूलाई सम्बोधन गर्न र कुराकानी गर्न ।
२०. विशेष अवस्थामा प्रयोग हुने कुनै पाँच प्रकारका जडीबुटीको नाम भन्न र सामान्य ज्वरो आउँदा घरायसी उपचार विधि अजनाउन ।
२१. स्थानीय खेलहरू खेल्न ।
२२. पर्यटकहरूलाई ख्वपका पर्यटकीय स्थानहरूको परिचय दिन र उनीहरूलाई स्थानीय उत्पादनबारे बताउन ।

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| १. ख्वप दे (भक्तपुर नगरपालिका) को सामान्य परिचय । | १. ख्वप दे अथवा भक्तपुर नगरपालिकाको अवस्थिति र सामान्य परिचय बताउन । | नेपालका नगरपालिकाहरू मध्ये सबभन्दा सानो नपा भएको र यसको भौगोलिक अवस्थितिका बारेमा सामान्य जानकारी । | • नेपालको ७७ जिल्लामध्ये भक्तपुर सबैभन्दा सानो जिल्ला र त्यसका चार नगरपालिकामध्ये सबैभन्दा सानो नपा ख्वप दे भएको बताउने ।<br>• भक्तपुर जिल्लाका चार नपाहरूसहितको नक्सा देखाई सबैको अवस्थिति र पहिचान गर्न लगाउने ।<br>• भक्तपुर नगरपालिका वा ख्वपदेको वरिपरि (चारै दिशामा) कुन नगरपालिका पर्दछ भनी कोर्न लगाउने ।<br>• कुनै देश, क्षेत्र, गाउँ, नपाको सीमाना, पहाड, थुम्को, खोला, वा सडक, बाटाघाटाको आधारमा विभाजन गरिने बताउँदै चार नपाको विभाजन के को आधारमा गरिएको हो भन्न सक्ने गर्न विभिन्न क्रियाकलाप गराउने ।<br>• चाँगुको डाँडा वा सूर्यविनायकको डाँडाबाट गुच्चमुच्च परेको ख्वप दे देखाउने । | • नेपालको नक्सा<br>• नगरपालिका वा स्थानीय निकायहरू<br>• अङ्कित नेपालको नक्सा<br>• भक्तपुर जिल्लाको चार नपासहितको नक्सा<br>• भक्तपुर नपा (ख्वप देको नक्सा) | • भ.पु. जिल्लाको नक्सामा चार न. पा. छुट्याउन लगाउने र तिनीहरूको आकार र क्षेत्रफलको तुलना गर्न लगाउने ।<br>• ठूलोदेखि सानो न. पा.को क्रम मिलाउन लगाउने । | १० |
| | २. ख्वप देका वडा विभाजन र वडालाई विभिन्न टोलमा विभाजन गरिएको तथ्य भन्न । | २. नगर पालिकाहरूलाई यसको क्षेत्रफलको आधारमा विभिन्न वडाहरूमा विभाजन गरिने र एउटा वडाहरूमा पनि विभिन्न टोलहरू हुने । | • ख्वप देलाई १० वडामा विभाजन गरिएको नक्सा देखाउँदै सानो ठूलो छुट्ट्याउन लगाउने ।<br>• आफ्नो घर र विद्यालय रहेको वडा पहिचान गर्न लगाउने ।<br>• आ - आफ्नो वडाका टोलहरूको नाम लेख्न लगाउने ।<br>• ख्वप देको नक्सा पूरा एक पन्ना भर्ने गरेर कोर्न लगाउने । | | • तपाईहरूको घर कुन वडामा पर्छ ? देखाउनुहोस् । | १० |
| २. ख्वपको इतिहास | ३. ख्वप देका नाम चलेका विभिन्न ठूला मन्दिरहरू, देवस्थल तथा ठूला पोखरीहरू अवस्थित वडाहरू पहिचान गर्न । | ख्वप देका प्रचलित मन्दिरहरू, देवस्थलहरू तथा पोखरीहरू कुन कुन वडाहरूमा अवस्थित छन् भन्नेबारे जानकारी । | अन्तरक्रिया गर्दै निम्न कुराको चर्चा गर्ने तथा अवस्थित वडाहरू पहिचान गर्न लगाउने<br>• ङातापोल, दत्तात्रय मन्दिर, पशुपति मन्दिर ।<br>• महाकाली (ब्यासी), त्रिपुरासुन्दरी, ब्रह्मायणी, बाराही<br>• त पुखु, न पुखु, भ्याज्या पुखु, बारे पुखु | | तपाई बस्नु भएको टोल वा वडामा रहेको ठूलो मन्दिर र पोखरीको नाम लेख्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४. आफ्नो परिवारको तीनपुस्ताको नाम बताउन । | आफ्नो परिवारमा आफू, आफ्नो बुवा र हजुरबुवाको नाम तथा आफ्ना मुमा, र हजुर आमाको नामसहित तीन पुस्ताका बारेमा जानकारी | • इतिहासको अवधारणा दिन आफ्नो परिवारको पुस्ताहरूबाट छलफल शुरू गर्ने ।<br>• परिवार र घरको पनि धेरै वर्ष अघिको कथा हुने बारे चर्चा गर्ने ।<br>• परिवारको र व्यक्तिको पनि नयाँ र पुरानो (औपचारिक र अनौपचारिक ) नामहरू हुन सक्नेबारे चर्चा गर्ने । | मन्दिर र पोखरीका फोटोहरू | | |
| | ५. भक्तपुर जिल्लाको ख्वप दे को इतिहास बताउन । | व्यक्ति, परिवार र घर जस्तै कुनै स्थान वा शहरको पनि पुरानो कथा हुने तथ्यको जानकारी । | • हाम्रो अहिलेको भक्तपुर जिल्लालाई पुरानो नाम भादगाउँ पनि भनिने ।<br>• धेरै वर्ष पहिला ( करिब ८००/९०० सयवर्ष पहिले) यसको नाम खोपृङ भएको र यसको अर्थ धेरै अन्न उत्पादन हुने ठाउँ हो भनी छलफल गर्ने ।<br>• यहाँको माटो उर्वर र किसानहरू धेरै परिश्रम गर्ने भएकोले यहाँ अहिले पनि धेरै अन्न र तरकारी फल्ने चर्चा गर्ने । | | • खोपृङ्को अर्थ के हो ?<br>• ख्वपमा धेरै अन्न उत्पादन हुनुको कारण सोध्ने । | २<br>४ |
| | ६. ख्वप देमा अवस्थित विश्व प्रसिद्ध मन्दिर तथा स्मारकहरू पहिचान गर्न तथा त्यसका बारेमा बताउन । | भक्तपुरका अन्तिम राजा रणजित मल्ल, उनका बुवा भूपतिन्द्र मल्ल तथा हजुर बा जितामित्र मल्लका पालामा बनेका मन्दिर तथा स्मारकहरूको बारेमा जानकारी । | • वत्सलादेवी मन्दिर, थंथुदरवार, तः पुखु (सिद्ध पोखरी) (जितामित्र मल्लको शासनकाल वि. सं. १७२९- १७५३,)<br>• विश्व प्रसिद्ध ङातापोल मन्दिर, पच्पन्न झयाले दरवार, खोरे हनुमान घाटको ठूलो शिवलिङ्ग (भूपतिन्द्र मल्लको शासनकाल १७५३ -१७७९)<br>• वाकुपति नारायणको छानामा सुनको जलप, लायकु स्थित तलेजु मन्दिर पस्ने स्वर्णद्वार निर्माण, ९९ चोकमध्येको एक चोकको रूपमा रहेको अति समृद्ध पुस्तकालय सफुकुथिको संरक्षण । | दरवार स्क्वायरको फोटो हरू तथा सम्बन्धित फोटो हरू वा भिडियोहरू<br><br>ख्वपका पुराना फोटोहरू | • ख्वप देः मा अवस्थित कुनै ५ ओटा मन्दिरहरूको सूचि बनाउनुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिका सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या<br><br>क) ख्वपमा पाइने थरहरू | पशुपक्षी र कीटपतङको नाममा ख्वपमा पाइने स्थानीय विभिन्न जातजातिको (थरहरूका) सूची तयार गर्न | ख्वपमा पाइने विभिन्न जातजातिहरू जस्तै :<br><br>क) पशुपन्छीको नामको आधारमा बनेका थरहरू:<br>माक, किसी, खिचाजु, छुँजु, दुगुजु, ध्वँजु, गैंडा, थुसा, धुकुछुँ, बोहजु, ग्वँग आदि<br><br>ख) कीटपतङको आधारमा बनेका थरहरू:<br>किजु, किमिसुकू, कुसी, पाँती, पुलाँकी, छुस्याकी, कोडा आदि | • शिक्षकले आफ्नो नाम थर बताउने, विद्यार्थीहरूको पनि बताउन लगाउने<br>• विषयवस्तुमा उल्लिखित थरहरू भएका भए बोर्डमा टिप्दै जाने<br>• विद्यालय, छरछिमेक, साथीभाइ, आफन्त, घरबेटी(घरभेटी) कोही कहीँ कतै त्यस्ता थरहरूका मानिसहरू स्थानीय बासिन्दाहरू भए/नभएको विषयमा समूहमा बाँडी छलफल गराई सूची तयार पार्न लगाउने ।<br>• त्यस्ता थरका मानिसहरू ख्वपमा कहाँ बस्छन् किन त्यस्ता थरहरू रहन गयो भन्ने बारेमा सोध खोज गर्न आवश्यक व्यवस्था मिलाउने र कक्षामा समूहगत प्रस्तुति दिन लगाउने ।<br>• ती थरहरूको शाब्दिक अर्थ बताउन विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने । केही थरहरूको शिक्षकले अर्थ बताउने । | शब्द पत्ती चार्ट | • विषयवस्तुमा उल्लिखित कुनैपाँचथरहरू लेख्नुहोस् र तिनीहरू ख्वप नगरको कुन कुन ठाउँमा भेटिन्छन् सूची तयार गर्नुहोस् । | ७ |
| ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | विभिन्न क्षेत्रमा योगदान गर्ने ख्वपका चार विशिष्ट व्यक्तित्वहरूको बारे बताउन | • खिछें महाजन (गणेशबहादुर कर्माचार्य)<br>• गोविन्द दुवाल<br>• उमा भुजु<br>• ध्रुब हाडा | • आफ्नो कक्षामा, आफ्नो विद्यालय परिवारमा अरूभन्दा फरक विशेषता र क्षमता भएका व्यक्तिहरूको नाम बताउन लगाउने, तिनीहरूको फरक विशेषता के हो ? समूहमा छलफल गर्न लगाउने<br>• कक्षा १ र २ मा को कुन विशिष्ट व्यक्तित्वहरू बारे किन अध्ययन गरियो छोटोमा केही विद्यार्थीहरूलाई भन्न लगाउने । | विशिष्ट व्यक्तित्वहरूको तस्बिरहरू र उहाँहरूको योगदानसहितको छोटो चिनारी वा जीवनी | • तस्बिर हेरी ती विशिष्ट व्यक्तित्वहरूको चित्र कोर्नुहोस् र उहाँहरूले गरेका कामहरूबारे छोटो विवरण दिनुहोस् । | ८ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिकासामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ४) स्थानीय विविध संस्कृति : क) होली पर्व | १) होलीको परिचय दिन र प्रारम्भ दिन र समापन दिनको तिथिको नाम बताउन । | १) होलीपर्वको<br>- परिचय<br>- होली मनाउने दिनको तिथि | १) तपाईँहरू होली कसरी खेल्नुहुन्छ ?<br>क) होली को को सँग खेल्नुहुन्छ ?<br>ख) होली कुन ठाँउमा खेल्नुहुन्छ ?<br>यी प्रश्नहरूको उत्तर सबै विद्यार्थीहरूबाट प्राप्त भएपछि निम्न कुरा व्याख्या गरिदिनुहोस्:- परिचित साथीहरू र परिवारबीच मैत्री सद्भाव बढाउन, वैमनस्यता घटाउन अबिर गालामा लगाई खेल्ने पर्व हो होली ।<br>• पहिले पहिले होली आफ्नै टोलमा र घरमा साथीहरूबीच र परिवारबीचमा रमाइलो गीत गाएर होली खेलिन्थ्यो । | अबिर खेली रहेका फोटोहरू | १) होलीको पहिलो दिन र अन्तिम दिनको तिथिको नाम भन्नुहोस् । | १० |
| | २) पहिले पहिले होली पर्व किशोर किशोरीहरूको रङ्गको पर्वको रूपमा प्रयोग हुँदै आएको सम्बन्धी व्याख्या गर्न । | २) रमाइलो वातावरणमा रङ्गको पर्वको रूपमा होली:<br>• होलीमा गाउने गीतको भाका<br>• व्यक्तित्वको विकासमा मनोरञ्जनात्मक कार्यक्रमको रूपमा होली<br>• रङ्गको पर्वको रूपमा होली | २) होली कोसँग खेल्न धेरै मन पर्छ ? विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।<br>क) वसन्तको आगमन सँगसँगै रङ्गहरूको पर्वलाई होलीको रूपमा वर्णन गरी विद्यार्थीहरूलाई यसको महत्व बताउने ।<br>ख) पहिले पहिले आजभोलिजस्तो फोन, मोवाइल फोन, आइपाय्ड, ट्याबलेट, कम्प्युटर केही नहुँदा मनोरञ्जन गर्ने जात्रा, पूजाआजा, भोज, नवरात्रमेला र होली जस्ता पर्वमा हो ।<br>ग) होलीमा गाउने गीतहरू पनि माया पिरतीकै गीतहरू छन : केही नमूना गीत (बोर्डमा लेख्नुहोस्)<br>"होलीया मेला, मय्जुँ मस्युला ?<br>अबिर भतिचासां, तय न्हयाला ?<br>होलीया मेला, मय्जुं मस्युला ?<br>अबिर तलधक, तंचाय दैला ?<br>झ्याले च्वंगु, तुकं माः<br>वहे ल्यासे जिता मः<br>व ल्यासे मवयकनं, जाहे मनया । | अबिर खेली रहेको कुनै फोटो देखाउन सके राम्रो । | २) गीतलाई लयवद्ध तरिकाबाट गाउने प्रयास कक्षामा गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३) ऐतिहासिक पौराणिक किंवदन्तीको आधारमा होलीपर्वको सुरूको वर्णन गर्न । | ३) होलीपर्व सम्बन्धी पौराणिक किंवदन्तीः<br>- हिरण्यकश्यपुर र प्रल्हादको कथा : | ३) फागु खेल्ने (होली खेल्ने) प्रचलन कसरी सुरू भयो भन्ने सम्बन्धमा पुराण र धर्मशास्त्रहरूमा विभिन्न थरीका कथा वा किंवदन्तीहरू सुनिन्छन् ।<br>क) विद्यार्थीहरूलाई आफ्नो आफ्नो परिवारसँग सोधी एउटा एउटा होली पर्व सम्बन्धी कथा वा किंवदन्ती सम्झेर वा लेखेर ल्याई कक्षामा सुनाउन लगाउनुहोस् ।<br>ख) शिक्षक/शिक्षिकाले अति प्रचलित धर्मशास्त्रमा उल्लिखित हिरण्यकश्यपुर र प्रल्हादको कथा सुनाई होली पर्वको सुरू भएको तथ्यलाई स्पष्ट पारिदिनुहोस् ।<br><u>थप जानकारीको लागि व्याख्या गरी सुनाउने</u><br>• अरू देशमा पनि होलीपर्व जस्तै पर्व होला कि ? नहोला ? प्रश्न राखी सोच्ने मौका दिनुहोस् ।<br>• नेपालमा जस्तै अन्य देशहरूमा पनि रंङ छ्याप्ने रमाइलो पर्व आयोजना हुने गरेको छ उदाहरणको लागि :<br>क) भारतमा होलीपर्व अबिर, रंङ र पिचकारी प्रयोग गरी भव्यरूपमा खेलिन्छ ।<br>ख) त्यस्तै अमेरिकामा प्रत्येक वर्ष अक्टोवर ३१ का दिन "हेलोविन पर्व" रंङ छ्यापा छ्याप गरी मनाउँछन् ।<br>ग) त्यस्तै जर्मनमा "इस्तर महोत्सव", चीनमा "च्वेज महोत्सव", म्यानमारको "टिङगुला महोत्सव", थाइल्याण्डको "साक्रान महोत्सव", पोल्याण्डको "आरसिना महोत्सव", चेकोस्लो भाकियाको "वोलिभा कानोन्स महोत्सव, इटालीको रडिका महोत्सवमा पनि रंङ छ्यापी मनाउँछन् ।<br>घ) त्यस्त अफ्रिकामा अत्याचारी जङ्गली राजा प्रिन्स ओगनो बोगाको पुतलालाई थोत्रे कपडा र जुत्ताको माला लगाई सहभागीहरू आफूले आफेलाई रंङ दलेर नाचगान गर्दै पर्व मनाउँछन् । | - हिरण्यकश्यपुर र प्रल्हादको फोटो | • होलीको बारे मा नेपालमा पौराणिक किवदन्ती के छ ? वणर्न थर्नु होस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४) होली पर्वले समाजलाई दिन खोजेको मार्मिक सन्देशको व्याख्या र हाल होलीमा देखा परेको विकृति र विसङ्गतिको वर्णन गर्न । | ४) होली पर्वले दिन खोजेको सन्देशः<br>• सबैसँग भाइचाराको भावना बढाउने पर्व<br>• व्यक्तित्वको विकासमा बराबर मनोरञ्जनात्मक वातावरणको आपूर्ति<br><br>होली पर्वमा देखा परेका विकृति र विसङ्गतिः<br>• अस्वस्थकर फोहर पानीको प्रयोग<br>• जथाभावी बेलुनको प्रयोगबाट दुर्घटना<br>• फोहर पानी बेलुनबाट लुगाफाटोको बर्वादी<br>• समूहगत झै-झगडा र गालीगलोज | ४) होली पर्वले समाजलाई दिन खोजेको सन्देश र हाल होली पर्वमा देखा परेको नराम्रो क्रियाकलाप (विकृति र विसङ्गति) के के देख्नुभएको छ ? यस प्रश्नमा परिवारसँग सोधी होली पर्वले समाजलाई दिन खोजेको सन्देश सम्बन्धी दुई बुँदा र होलीमा देखा परेका नराम्रो क्रियाकलाप सम्बन्धी दुइ बुँदा लेख्ने गृहकार्य दिनुहोस् । लेखेर ल्याएका बुँदाहरूलाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् ।<br>सबैको प्रस्तुतिपछि निम्न तथ्यहरूलाई व्याख्या गरिदिनुहोस् ।<br>• होलीले दिन खोजेको सन्देश - सबैसँग मैत्रीभाव राखी, भएको वैमनस्यता हटाई सद्भाव र प्रेमले एक आपसमा अबिर हाली, गीत गाएर रमाइलो गर्ने सन्देश दिन्छ ।<br>• होली पर्वमा देखापरेको नराम्रो क्रियाकलापमा अस्वस्थ्यकर फोहर पानी छ्याप्नु ।<br>• आँखामै पर्ने गरी फोहरपानी भएको लोलाले हान्नु ।<br>• घरमा बसिरहेका दिदीबहिनीहरूलाई लोला हानेर झै-झगडा गर्नु । | | ३) विद्यार्थीले लेखेर ल्याएका कथाहरूमध्ये राम्रोलाई बोर्डमा टाँसी प्रदर्शनमा राख्नुहोस् ।<br><br>४) होली खेल्ने मैत्रीपूर्ण तरिका कस्तो होला ? लेख्नुहोस् ।<br><br>५) होली पर्वमा झगडा र गालीगलोज के कारण हुन्छ ? | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ख) नाग पञ्चमी | १) नाग पञ्चमी पर्व मनाउने दिन र मनाउने तरिका बताउन । <br><br> २) नाग पञ्चमी मनाउन लिएको आधार सम्बन्धमा प्रचलित जनश्रुति वर्णन गर्न । | १) नाग पञ्चमीको अवधारण मनाउने दिन र मनाउने तरिका । <br><br> २) नाग पञ्चमी मनाउन लिएको आधार र यस सम्बन्धमा प्रचलित जनश्रुति । | १) तपाईहरूमध्ये कसले नाग देख्नुभएको छ ? नाग कहाँ बस्छ ? के नागले पानी पार्छ ? आदि नाग सम्बन्धी विभिन्न प्रश्नहरू राखी अन्तर्क्रिया गर्दै नागको बारे राम्रो जानकारी गराउनुहोस् । <br> क) नागले गरेका विभिन्न गुणहरूको कारण श्रावण शुक्ल पञ्चमीको दिनलाई हिन्दूहरूले घरको मूलद्वारमा नागको चित्र गोबरले टाँसी पञ्चामृत राखेर पूजा गरेको देखेको छ ? छैन ? अन्तर्क्रिया गरी स्पष्ट गरिदिनुहोस् । <br><br> २) नाग पञ्चमीको दिन नागलाई पूजा गर्ने चलन कसरी आयो भन्ने सम्बन्धमा "भविष्योटर पुराणमा" उल्लिखित रोचक घटना (कथा) लाई अन्तक्रियाको माध्यमबाट सुनाउनुहोस् : <br> • एक किसानको घरमा उसका दुईओटा छोरा र एउटी छोरी थिइन् । <br> • गुँलाथ्व पञ्चमीको दिन धान रोप्न (सिनाज्या गर्न) किसानले खेत खन्दै गर्दा नागका बच्चाहरूलाई पर्नगै मरेछन् । आफ्ना सन्तानको लागि खाना खोजी फर्कँदा आफ्नो सन्तान मरेको पाउँदा क्रोधित नागले सोच्दै जाँदा एक जना किसानले मारेको पत्ता लगाई सुतिरहेको किसान परिवारलाई (अर्को कोठामा सुतेकी छोरीबाहेक) डसेर मारिदिएछ । बाँचेकी छोरीले आफ्नो परिवारको मृत्यु नागले डसेर मरेको पत्ता लगाई नागको पूजा बडो भक्तिभावपूर्वक गरिरहेको देखेर नागको क्रोध साम्य भै पूजा गर्ने छोरीसँग खुशी भई "के बर माग्छौ" भनी सोध्दा मृतक परिवारकै जीवन मागेकोले सब परिवारलाई नागले जीवित बनाई दिएछ । त्यस समयदेखि गुलाथ्व पञ्चमीलाई नाग पञ्चमी नामकरण गरी नागको पूजा गर्न सुरू गरेको किंवदन्ती पाइन्छ । | रबरको नाग र नागका चित्रहरू <br><br> नाग पञ्चमीका टाँस्ने नागको चित्र | १) नागलाई किन पूजा गरिन्छ ? <br><br> २) जनमानसको विश्वासअनुसार नागलाई पूजा गर्दा के कस्ता फाइदाहरू हुन्छन् ? लेख्नुहोस् । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३) सामाजिक मान्यतानुसार नागपञ्चमी पर्व मनाउनाले हुने फाइदाहरू बताउन । | ३) नागपञ्चमी पर्व मनाउनाले सामाजिक मान्यतानुसार :<br>- नागबाट घरको रक्षा हुने<br>- चट्याङ/बज्रपातबाट सुरक्षित हुने<br>- पानीको समस्या नआउने | ३) यसरी नाग पञ्चमीमा नागको पूजा गर्दा जन मानसले विश्वास गरे अनुसारः- नागको भय हुँदैन, नागले घरको रक्षा गर्दछ, चट्याङ वा बज्रपातबाट सुरक्षित हुन्छ र पानीको समस्या हुँदैन भन्ने जन विश्वासको वर्णन गर्ने । | | ३) नाग पञ्चमीको दिन मेला लाग्ने ठाउँहरूको नाम लेख्न लगाउनुहोस् । | |
| | ४) नाग पञ्चमीको दिन भक्तपुर, पाटन र काठमाडौंका नागदहहरूमा ठूलो मेला लाग्ने ठाउँहरूको नाम बताउन । | ४) नाग पञ्चमीको दिन भक्तपुरको सिद्ध पोखरी, पाटनको धापाख्य, चोभारको कर्कोटक वासस्थान टौदह र काठमाण्डौ नक्सालको नाग पोखरीमा ठूलो मेला लाग्छ । | ४) विद्यार्थीसँग अन्तर्क्रियाद्वारा मेला लाग्नुको अर्थ बताइदिने । नाग पञ्चमीको दिन लाग्ने काठमाडौं पाटन र भक्तपुरमा मेला लाग्ने ठाउँको नाम बोर्डमा लेखी सार्न लगाउने । उदाहरणको लागिः<br>क) पाटनको धापाख्य (धापासी) को नागदहमा लाग्ने मेला<br>ख) पाटनको च्वभारको टौदहमा लाग्ने मेला<br>ग) काठमाडौंको नक्सालको नागपोखरीमा लाग्ने मेला<br>घ) भक्तपुरको सिद्ध पोखरीमा लाग्ने मेला<br>ङ) शैक्षिक भ्रमणको व्यवस्था गरी अवलोकन गराउने | सङ्कलन गर्न सकेमा नागदहहरूको फोटो र सिद्ध पोखरीको फोटो | ४) तपाईंको घरको आसपासमा भएका मन्दिर, ढुङ्गेधारा, कुवा, इनार, पोखरीमा नागको आकार कुँडेको कहाँ कहाँ के के मा देख्नु भयो लेख्नुहोस् । | |
| | ५) नागपञ्चमीको दिन खेत जोत्न (सिन्हाज्या) गर्न नहुने सामाजिक मान्यताको व्याख्या गर्न । | ५) नाग पञ्चमीको दिनः खेत खन्न, जोत्न नहुने, त्यस दिन खेतमै जाने काम नहुनु । | ५) नाग पञ्चमीको दिनमा किसानले खेत खन्दा नागका बच्चाहरू मरेको दिनको सम्झनामा सो दिनमा खेत खन्न जोत्न नहुने एउटा परम्परा बस्न गएको कुराको व्याख्या गरिदिने । | | ५) पहिले पहिले लामो समयसम्म पानी नपर्दा पानी पार्न के गर्ने गरेको पाउनुभयो ? लेख्नुहोस् । | |
| | ६) समाजको मान्यता अनुसार नागजातिलाई जलस्रोतको संरक्षक भनी बताउन । | ६) सामाजिक मान्यता : नागजाति पानीको संरक्षण कर्ता, पानीबिना मानव जीवन नबाँच्ने, पानीबिना उब्जनी नहुने हुँदा, नागदेवताको महिमा, गुण स्मरण गर्दै नागको पूजा, नागको आकृति बनाई सम्मान गर्ने । | ६) हाम्रो समाजले मानवजीवनको जीवन यापन गर्न जलस्रोतको संरक्षणबिना असम्भव मानी नागको सम्मान र स्मरणको लागि, इनार, कुवा, ढुङ्गेधारा, पोखरी आदि निर्माण गर्दा ढुङ्गामा, इँटामा, धातुको पातामा, मन्दिरमा नागको आकृति कुँडी राख्ने चलनमात्र नभई पोखरीको बीचमा नागको मूर्ति बनाई राख्ने चलनलाई व्याख्या गरिदिनुहोस् । | | ६) नागपञ्चमीको दिन मूल ढोकामा टाँस्न हुने गरी नागको रङ्गीन तस्बिर बनाउन लगाउनुहोस् । | |

<table>
<tr><td></td><td>७) पहिले पहिले लामो समयसम्म पानी नपर्दा गरिने परम्परागत कार्य (उपाय) को वर्णन गर्न ।</td><td>७) लामो समयसम्म पानी नपर्दा गरिएका केही उपायहरू :<br>• नागको रगतले लेखिएको धार्मिक ग्रन्थलाई घाममा राख्ने ।<br>• बासी (नागराज) को पूजाआजा गरी समूह बाँडी बस्ती बस्तीमा पानी माग्न जाने ।</td><td>७) लामो समयसम्म पानी नपर्दा पानी पार्न के गर्नु पर्ला ? कक्षामा सबैलाई आफ्नो विचार राख्ने मौका दिनुहोला ।<br>- पहिले पहिले लामो समयसम्म पानी नपर्दा गर्ने गरेको परम्परागत कार्यलाई स्पष्ट व्याख्या गरिदिनुहोस् । उदाहरणको लागिः<br>क) स्वयम्भू चैत्यसँगैको शान्तिपुर मन्दिरभित्र रहेको नागको रगतले लेखिएको धार्मिक ग्रन्थ (पुस्तक) लाई घाममा देखाएमा वा राखेमा पानी पर्ने विश्वास (जुन काठमाडौंका राजा प्रताप मल्लले गरेर पानी पारेको सुनिन्छ ।)<br>ख) नागदेवतालाई बासी देवता पनि भन्ने गरेको पाइन्छ । पानी नपर्दा बासी देवतालाई पूजा गरी हर हर महादेव पानी दे भनी समूह बनाई बस्ती बस्तीमा पानी मागेमा पानी पर्ने जन विश्वासबारे छलफल गर्ने ।</td><td>स्वयम्भू र शान्तिपुर मन्दिरको तस्बिर</td><td></td><td></td></tr>
<tr><td></td><td>९) नागपञ्चमी पर्व (संस्कृति) मनाउनुको उद्देश्य नागजातिलाई मार्नु हुन्न भन्ने भावनाको विकास गर्न ।</td><td>९) मानिस, जनावर पशुपन्छी, किराफट्याङ्ग्रा, बोटबिरूवा आदि सबै प्रकृतिको पारिवारिक अङ्ग हुन् । यी कुनै पनि अङ्गको नास हुनु भनेको प्रकृतिको सन्तुलन बिग्रनु हो ।<br>यसबाट मानव समाजको विकासमा बाधा पर्छ ।</td><td>९) हाम्रो शरीरको कुनै एउटा अङ्ग मरेमा के हुन्छ ? सबैलाई आफ्नो आफ्नो विचार राख्ने मौका दिनुहोस् ।<br><br>- शिक्षकले व्याख्या गर्नुपर्ने सार कुरा : हाम्रो शरीरको कुनै एक अङ्ग मरेमा त्यसको प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव शरीरका सबै अङ्गहरूमा पर्न गई विकासमा बाधा पर्न सक्छ । त्यस्तै नागजातिले पनि हाम्रो समाजमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग गरिरहेको हुन्छ । यसरी सहयोग गरिरहेको नागजातिको संरक्षण नगरी मार्दा त्यसको नकारात्मक प्रभाव मानव समाजको विकासमा पर्न गएको हुन्छ । नाग (सर्प)ले जमिनको पारिस्थिति क प्रणालीलाई अगाडी बढाउन सहयोग गर्ने बिषयमा विद्यार्थीहरूसँग छलफल गर्ने ।</td><td></td><td></td><td></td></tr>
</table>

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ५) प्रचलित स्थानीय संस्कार<br>क) चथा पूजा | १) चथा शब्दको बनोट र चथा द्योको अर्थ बताउन । | १) चथा शब्द र चथा द्यो<br>- कुन भाषाबाट आएको बताउने । | १) तपाईँहरूमध्ये कसले कसले चथा द्यो पूजा गर्नुहुन्छ ?<br>- कुन देवतालाई चथा द्यो मानी पूजा गर्नुहुन्छ ?<br>- विद्यार्थीहरूको उत्तर सुनिसकेपछि निम्न कुराबाट स्पष्ट पारिदिनुहोस् ।<br>"चथा शब्द" नेपालभाषाबाट आएको शब्द हो । चौथी शब्दबाट चथा शब्द बनेको भन्ने कोही कोही संस्कृतिविद्हरूको भनाइ छ । "चथा द्यो" नेपालभाषा शब्दको अर्थ चोर देवता भन्ने अर्थ दिन्छ । फूल चोर्न आउने इन्द्र देवतालाई चोथा द्यो मानिन्छ । | चथा द्योको फोटो | १) चथा द्यो को अर्थ र चथा पर्वका विभिन्न नामहरू लेख्नुहोस् । | ६ |
| | २) चथा पूजा (पर्व) मनाउने तिथि, यस पर्वसँग सम्बन्धित देवी देवताहरू र यस पर्वमा प्रयोग गर्ने पूजाका विशेष सामग्रीहरूका नाम बताउन । | २) चथा पर्व<br>- मनाउने तिथि<br>-यस पर्वसँग सम्बन्धित देवीदेवताहरू<br>- विशेष पूजाका सामग्रीहरू | २) चथा नखा (पर्व) कुन महिनाको कुन तिथिमा मनाइन्छ ? यस पर्वमा पूजा गर्ने मुख्य सम्बन्धित देवी देवताहरू र विशेष पूजा सामग्रीहरू के के हुन्?<br>- सबै विद्यार्थीहरूको उत्तर बोर्डमा लेखिसकेपछि निम्न तथ्यहरूको व्याख्या गरिदिनुहोस्: "चथा नखा (पर्व) भाद्र शुल्क चौथीका दिन मनाइन्छ । यस पर्वलाई गणेश चतुर्थी, यलाथ्व चौथी, नामले पनि चिनिन्छ । यस पर्वमा पूजा गर्ने मुख्य देवीदेवताहरूमा इन्द्र, गणेश र चन्द्रमा हुन् ।<br>- यस पर्वमा पूजामा प्रयोग गर्ने<br>विशेष सामग्रीहरूमा पारिजातको फूल, पलेस्वाँ लपते (कमलको पात) बसिपु, (आरूको बियाँ) मकै, भटमास र यस समयमा पाइने सबै फलफूलहरू, पालुमा (अदुवाको बोट) आदि | यम द्योको चित्र | यम द्योको राम्रो चित्र बनाउन लगाउनुहोस् | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३) चथा द्यो (देवता) लाई चोर देवताको रूपमा लिने सान्दर्भिक प्रचलित आख्यानको वर्णन गर्ने । | ३) इन्द्रकी आमालाई :<br>• वसुन्धराको पूजा गर्न पारिजातको फूल आवश्यक परेको<br>• इन्द्रको छोरा नयन्त काठमाडौंमा फूल लिन आउँदा नसोधी लिँदा चोरीको आक्षेप<br>• धान पाक्नको लागि शीत/तुसारो दिने | ३) यमा द्योको चित्र टाँसी निम्न लिखित प्रश्नहरू सोधी छलफल गर्ने ।<br>क) यो देवताको नाम के हो?<br>ख) टोल-टोलमा बाँधेर किन राखेको होला?<br>• छलफल पछि निम्न लिखित तथ्यहरूको आधारमा व्याख्या गरिदिनुहोस्: "इन्द्रदेवकी आमाले वसुन्धराको पूजा गर्न पारिजातको फूल लिन इन्द्रको छोरा जयन्त काठमाडौंमा पठाउँदा फूल चोरिरहेको बेला बगैँचा मालिकले देखेर चोर भनी बेइज्जत गर्न डोरीले बाँधी बजारमा राखे । धेरै समयसम्म पनि जयन्त नफर्कँदा आमा आफै खोज्न आउँदा नातिलाई बाँधी राखेको देख्दा बगैचा मालिकसँग बिन्तीभाव गरी उपत्यकामा धान पाक्न आवश्यक खसु (शीत/तुसारो) दिने बाचापछि जयन्तलाई छोडेका थिए । यही नै घटनाक्रमलाई आधार मानी उपत्यकामा इन्द्रजात्रा मनाई इन्द्रको प्रतीकको रूपमा टोलटोलमा बाँधी राखेको यमाद्यो राख्न थालेको बताइन्छ । त्यसैले इन्द्र देवतालाई चोर देवता (चथा) द्योको रूपमा लिने गरिएको हो । | - पारिजातको फूल वा फूलको चित्र | २) यस घटना सम्बन्धमा अभिभावकले सुन्नु भएको छ छैन सोधी फूल लिन इन्द्र आउनु भएको हो कि इन्द्रको छोरा जयन्त सोधी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | |
| | ४) भाद्र शुल्क चौथीको चन्द्रमा हेर्न नहुने घटनाको वर्णन गर्न । | ४) भाद्र शुक्ल चौथीका दिन :<br>• गणेशको जन्म दिन<br>• देवताहरू पनि चापलुसी कुरा गर्ने<br>• चन्द्रमाले सत्य बोल्दा श्राप पाए कस्तो देवता<br>• देवतागण बीचमा पनि सत्य नबोल्ने रहेछ ।<br>• वास्तवमा गणेशको शिर प्रत्यारोपण । | ४) (क) तपाईँको घरमा चथा द्यो छ?<br>ख) चथा द्यो पूजा गर्न कहाँ जानुहुन्छ?<br>• यी प्रश्नमा विद्यार्थीसँग छलफल गरी निम्न तथ्यको आधारमा व्याख्या गरिदिनुहोस् : "कसैको पनि घरमा चथा द्यो स्थापना गरिएको हुँदैन । यसैले चथा द्यो हेरेर पूजा गर्छन् ।<br>ग) चोथाको दिनमा चन्द्रमालाई हेर्नहुन्छ ? वा हुँदैन ?<br>• अभिभावकसँग सोध्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • विद्यार्थीहरूको प्रस्तुतिपछि निम्न लिखित आख्यानद्वारा स्पष्ट पारिदिनुहोस्: "चथा पर्वकै दिनमा गणेशको पनि जन्म परेको हुँदा त्यस दिनलाई गणेश चतुर्थी पनि भनिन्छ ।<br>• गणेशको जन्म दिनमा सबै देवी देवताहरू भेला भई गणेशको चापलुसी गुणगान भैरहेको बेला चन्द्रमालाई चापलुसी कुरा गर्न नआई सत्य कुरा नै भनिदिए । गणेशको शारीरिक बनौटलाई लिएर भनिने "बडेमानको टाउको (हात्तीको), पुड्को शरीर र ठूलो पेट हुँदा शारीरिक बनौटमा सबभन्दा नराम्रो देवताहरूमा गणेश हो । यो कुरा गणेशले सुनेपछि ज्यादै रिसाई चन्द्रमालाई सरापे, तिम्रो रूप कसैले पनि नहेरोस्, हेर्नेलाई चोरीको आक्षेप लागोस् । गणेशको श्रापको कारण सबैले तिरस्कार गर्दा ज्यादै दुःखी भै पछि नारदको सल्लाहअनुसार महादेवको तपस्या गरी खुशी भएका महादेवले पनि गणेशसँगै क्षमा माग्ने सल्लाहअनुसार गणेशसँग क्षमा माग्दा गणेश खुशी भै श्रापको समयमा अवधि एक दिन मात्र त्यो पनि भाद्र शुक्ल चौथीका दिनको चन्द्रमा हेरेमा चोरीको आक्षेप लाग्ने गरिदिएको कारण सो दिनमा चन्द्रमालाई कसै कसैले नहेरेको हो । कसै कसैले सो दिन चन्द्रमालाई नै हेरेर चथा पूजा गर्छन् । वास्तवमा चथा द्यो भनेको चन्द्रमा पनि हैन गणेश पनि हैन फूल चोर्न आउने जयन्त (येमा द्यो) मात्र हो ।<br>• मानव अङ्ग प्रत्यारोपण जस्तै गणेशको टाउको प्रत्यारोपणको कल्पना गरिएको प्रसङ्ग पनि जोड्न सकिन्छ । | गणेश चन्द्रमा र यमा द्योको फोटो<br><br>-गणेशको फोटो (चित्र) बनाउन दिनुहोस् । | ३) चथाको दिनको चन्द्रमा हेरेमा कसरी चोरीको आक्षेप लाग्छ होला परिवारसँग सोधी लेख्ने काम दिनुहोस् । | |

| क्षेत्र | विशिष्ट उद्देस्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिकासामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ख) माघे सङ्क्रान्ति | १) सङ्क्रान्तिहरूमा माघे सङ्क्राान्तिलाई नेवार समुदायले विशेष महत्त्व दिने र मनाउने तरिकाको व्याख्या गर्न । | १) सङ्क्रान्तिको अर्थ :<br>- नेपालभाषामा माघ सङ्क्रान्तिलाई भनिने विभिन्न शब्दहरू:<br>- ज्योतिष शास्त्रअनुसार माघ सङ्क्रान्तिलाई मकर सङ्क्रान्ति<br>-घ्यः चाकु सल्हु<br>- म्ह्याय् मचा नखः | १) तपाईँहरूमध्ये कसले कसले घिउ, चाकु, तीलको लड्डु खानु भएको छ ? कहिले ?<br>क) प्रश्नको जवाफपछि व्याख्या गरिदिनुहोस् :<br>घिउ, चाकु, तिलको लड्डु र तरूल खाद्यान्नको चित्र वा व्याख्याद्वारा पहिचान गराई यी खाद्यान्न खाने विशेष दिनलाई "माघे सङ्क्रान्ति" भनिन्छ भनी अन्तर्क्रिया गर्नुहोस् । माघ सङ्क्रान्तिलाई नेपालभाषामा "घ्यःचाकु सल्हु वा म्ह्याय् मचा नखः वा हाम्व सल्हु" भनी विभिन्न शब्दहरू प्रयोग गर्ने हुँदा बोर्डमा लेखी सार्न दिनुहोस् ।<br>ख) निम्न लिखित विषयवस्तु सम्बन्धी छलफल गरी माघ सङ्क्रान्तिको स्पष्ट जानकारी गरिदिनुहोस्:<br>- प्रत्येक महिनाको पहिलो दिन (१ गते) लाई सङ्क्रान्ति भनिन्छ ।<br>- ज्योतिष भाषामा भन्नुपर्दा सूर्य एक राशिबाट अर्को राशिमा प्रवेश गर्ने दिनलाई सङ्क्रान्ति भनिन्छ । सूर्य ६ महिनासम्म दक्षिणको कर्कट राशिमा बसेर उत्तरतर्फ मकर राशिमा प्रवेश गर्दछ । त्यस दिनलाई मकर सङ्क्रान्ति अर्थात् माघे सङ्क्रान्ति भनिन्छ । माघ महिनादेखि दिन लामो र रात छोटो हुँदै जाडोको मात्रा पनि घट्दै जान्छ । | घिउ, चाकु<br>तिलको लड्डु र तरूलको चित्र | १) एक वर्षमा कतिओटा सङ्क्रान्ति हुन्छ ?<br>२) माघ सङ्क्रान्तिको खास के महत्त्व छ ? | ५ |
| | २) माघ सङ्क्रान्ति मनाउँदा गरिने पूजाआजा, खानपिन र विशेष दान सम्बन्धी वर्णन गर्न । | २) माघ सङ्क्रान्ति मनाउँदा गरिने :<br>- पूजाआजामा :<br>घरमा भएका सबै देवी देवताहरू र टोलमा भएका मुख्य मुख्य देवी देवताहरू<br>- खानपिन<br>घिउ, चाकु, तिलको लड्डु, तरूल (जडीबुटी) | २) कक्षामा भएका विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गरी तल लेखिएका क, ख, ग बुदाँहरूमध्ये कुन एकमा आफ्नो आफ्नो समूहमा छलफल गर्न लगाई प्रत्येक समूहको टोली नेताबाट कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् ।<br>क) माघे सङ्क्रान्तिका दिन पूजा गर्ने देवीदेवताहरूको नाम र चढाउने पूजा सामग्रीको सूची तयार गर्न लगाउनुहोस् ।<br>ख) माघे सङ्क्रान्तिका दिन खाने खाद्य सामग्रीको सूची तयार गर्न लगाउनुहोस् । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - कुनै कुनै जातिले खिचडी सिद्राको अचार र पालुङ्गोको तरकारी खान्छन् ।<br>- विशेष दान<br>पितृको नाममा किभुदान<br>र दीपङ्कर बुद्ध र अरूलाई पञ्चदान । | ग) त्यसदिन दान दिने चलन भए कसलाई कसलाई के के सामग्रीहरू दान दिने चलन छ लेख्न लगाउनुहोस् ।<br>- धेरै जसो विद्यार्थीहरूलाई बुँदा 'ग' थाहा नहुने हुँदा छोटकरीमा निम्न कुरा व्याख्या गरिदिनुहोस् :<br>- त्यस दिन कुनै कुनै जातिले आफ्नो परम्पराअनुसार आफ्नो पितृको नामबाट आफ्नो पुरोहितलाई "किभु" (सिधा) दान दिने चलन छ । उक्त किभुमा चामल, चिउरा, घिउ, चाकु, तरूल, पालुङ्गोको साग, दाल, बेसार, नुन र दक्षिणा राख्ने चलन छ ।<br>- छलफल गरी थथु वहि (जय कीर्तिविहार) को स्थानको जानकारी गराई माघ सङ्क्रान्तिका दिन त्यहाँ सम्येक पञ्चदान हुने कुरा व्याख्या गरिदिनुहोस् ।<br>- हाम्रो देशको तराई लागा (क्षेत्र)मा बसोबास गर्ने थारू जातिले माघे पर्व र सँगसँगै तिनीहरूको नयाँ वर्ष सुरू हुने हुँदा पाँच दिनसम्म धुमधामले मनाउने माघीको पनि व्याख्या गरिदिनुहोस् । | | ३) आफ्नो मरेको पितृको नाममा दिने दानलाई के भनिन्छ ? त्यसमा के के राखेर दान दिएको हुन्छ ? लेख्नुहोस् ।<br><br>४) माघ महिनामा कुन जातिको नयाँ वर्ष सुरू हुन्छ ? | |
| | ३) माघे सङ्क्रान्ति पर्वमा खोला नदीको दोभानमा लाग्ने माघ स्नान मेलाको व्याख्या गर्न । | ३) खोला नदीको दोभान<br>- माघ स्नानको अर्थ<br>- तीर्थ स्थलको अर्थ<br>- तीर्थ स्थलमा नुहाउँदा हुने धर्म (सामाजिक मान्यता) | ३) घिउ चाकु खाने दिन माघ सङ्क्रान्तिमा तपाईँहरू नुहाउनुहुन्छ कि ? हुन्न ?<br>क) घरमा नुहाउनु र खोला नदीमा नुहाउनुमा के फरक पाइन्छ ?<br>- यी प्रश्नहरूमा विद्यार्थीहरूको विचार सुन्दै छलफल गर्नुहोस् । यस उमेरका बालबालिकाले बुझिने भाषामा निम्न कुरा व्याख्या गरिदिनुहोस् ।<br>- धर्मको लागि माघे सङ्क्रान्तिको दिन विभिन्न ठाउँमा रहेको खोला र नदीको दोभानमा जसलाई तीर्थस्थल पनि भनिन्छ, त्यहाँ 'माघे स्नान'को मेला लाग्छ । जस्तो उपत्यकाको वाग्मती र मनहराको सङ्गम स्थल शङ्खमूल, भक्तपुरको हनुमान घाट, नारायणी अञ्चलको त्रिशुली, काली गण्डकी र राप्तीको सङ्गम स्थल देवघाटमा ठूलो मेला लाग्छ । नुहाउन नेपालीहरू मात्र हैन, हिन्दूस्थानबाट पनि हिन्दूहरू आउने गर्दछन् । | देवघाट, शङ्खमू, हनुमान घाटको तस्बिर | ५) माघ स्थान को मेला भनेको के हो ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४)जनमानसलाई सुस्वास्थ्य बनाई राख्न माघे सङ्क्रान्तिको वर्णन गर्न । | ४) जनमानसमा :<br>- सुस्वास्थ्य<br>- पौष्टिक आहार<br>- सरसफाइ<br>- योगदान शब्दहरूको अर्थ | ४) के के कुराहरूमा ध्यान दिन सकेमा हाम्रो स्वास्थ्य हृष्टपुष्ट र स्वस्थ हुन्छ ?<br>- विद्यार्थीहरूको उत्तरलाई बोर्डमा लेख्दै गर्नुहोस् ।<br>- छोटकरीमा निम्न कुराहरूलाई जोड दिई स्पष्ट गरिदिनुहोस् : शरीरलाई सफा पारी न्यानो राख्ने, सफा लुगा लगाउने, बराबर तेल लगाउने, सन्तुलित र पोषिलो खानाले शरीर हृष्टपुष्ट हुन्छ ।<br>- हाम्रो संस्कृतिले हामीलाई स्वस्थ र हृष्टपुष्ट राख्न माघ सङ्क्रान्तिले यस्तो संस्कृति र संस्कार प्रचलनमा ल्याई दिएको छ । माघ सङ्क्रान्तिका दिन हामी नुहाउँछौं, सफा लुगा लगाउँछौं, मास झानेको तेल आमा वा कसैले जिउमा, कपालमा र कानमा लगाइदिनुहुन्छ, त्यस दिन एकदम पोषिलो जिउ तताउने खाना घिउ, चाकु, तिलको लड्डु, तरूल र कसै कसैले मासको खिचडी सिद्राको अचार, पालुङ्गोको तरकारी पनि खाने गर्छन् । माघे सङ्क्रान्ति मनाउनाले हामी स्वस्थ रहन सहयोग पुग्ने भएकोले यसको महत्त्व बुझ्नु हाम्रो कर्तव्य हो । | स्वस्थ मानिसको चित्र | ६) मानिसहरू दोभान र त्रिवेणीमा किन नुहाउँछन ?<br><br>७) जनमानसमा माघे सङ्क्रान्तिको योगदान सम्बन्धमा लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६) स्थानीय बोलीचाली र लिपि | क) स्थानीय सम्बोधन गर्ने शब्दहरूः परिवारका सदस्यहरू र आफन्तहरूलाई सम्बोधन गर्न । | पुलिङ्ग : बाज्या, अब्बा (बा), ध्वब्वा (तरिब्वा), अका (काका), पाजु, चवजु, दाजु (अरा), किजा, ससः किजा, भाजु, काय्, जिचाभाजु (जिलाजं) आदि<br><br>स्त्रिलिङ्ग : अजी, अमा (माँ), धोमा, मामा (काकी), मल्जु, अनि (निनी), मामाचा (थःमाँया केहें) तःजु (तताजु) भौ (भम्चा), मय्जु, म्हयाय्, अता, आदि । | • शिक्षक आफ्नो परिवारका सदस्यहरूबारे स्थानीय बोलीचाली भाषामा बोल्दै पारिवारिक सम्बन्धहरू बताउने ।<br>• कक्षामा स्थानीय भाषाभाषीका विद्यार्थीहरू भएमा उनीहरूलाई पनि आ-आफ्नो परिवारका सदस्यहरूलाई उसले आफ्नो मातृभाषा प्रयोग गरी कसरी के भनी सम्बोधन गर्ने बताउन लगाउने ।<br>• परिवार र नाता सम्बन्धी भिडियो, मल्टिमिडिया, चार्ट, वंश वृक्ष आदि प्रयोग गरी स्थानीय भाषामा सम्बोधन गर्ने तरिका प्रस्ट पार्ने ।<br>• स्थानीय घरमा डेरा लिइ बस्नेहरूलाई घर छिमेकमा रहेका जेष्ठ नागरिकहरूसँग सोधी बुझी यस्तो नाता सम्बन्धी सूची बनाएर ल्याउने काम दिने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई समूहमा बाँडी आ-आफ्नो घरको परिवार र नाता सम्बन्धी समूहगत छलफल गरी चित्रात्मक चार्ट बनाउन लगाउने साथै कक्षामा पालै पालो प्रस्तुत गर्न लगाउने ।<br>• कक्षामा भएका विद्यार्थीहरूलाई पारिवारिक तथा नाताकुटुम्ब जनाउने स्थानीय शब्द उल्लेख गरेको छुट्टाछुट्टै शब्द पत्तीहरू आफ्नो जिउमा टाँस्न लगाई सोहीअनुसारको भूमिका (role) खेली सम्बोधन गर्न लगाउने । | परिवारका सदस्यहरू र नातेदारहरूलाई स्थानीय बोलीचाली भाषामा जनाउने शब्द पत्तीहरू कार्टुन तथा चित्र पत्तीहरू,<br>• वंश वृक्षको चार्ट<br>• Multimedia, vidoe clips<br>• पारिवारिक सम्बन्ध र नातेदारहरू जनाएका फोटोहरू | • स्थानीय भाषामा आ-आफ्नो घर परिवारको नाता सम्बन्धी चार्ट बनाउनुहोस् ।<br>• शब्द पत्तीहरू चित्र पत्तीहरू देखाई सम्वोधन गर्न लगाउने<br>• स्थानीय रूपमा सम्बोधन गरिने ती व्यक्तिहरूको पुलिङ्ग र स्त्रीलिङ्ग छुट्ट्याई ५-५ जनाको सम्बोधन गर्ने शब्दहरू कापीमा लेख्नुहोस् । | ५ |
| | ख) स्थानीय भाषामा परिवारका सदस्यहरू र आफन्तहरूलाई सम्बोधन गर्ने शब्दहरू प्रयोग गरी कुराकानी गर्न | - छेंय् ग्वम्हा परिवार द ?<br>- वय्कपुं सु सु थें धयो दिसँ<br>- दाजु किजा, तताकेंहे ग्वम्हा द ?<br>- छि अमा - अब्वाय् दाजु किजा, तंताकेहेंपुं नं तःम्हा दःला ?<br>- दाजु पिनिगु, अतापिनिंगु व्यहः जुलला ?<br>- अराया ससले ससः किजा, ससः केहें नं दःला ? ससःभां ससःबा दनिला ? आदि | | | | ७ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ७) .स्थानीय कला र सम्पदाहरूः<br>क) स्थानीय बाजाहरू | • स्थानीय बाजाहरूको नाम बताउन<br>• आवाजको आधारमाबाजाहरू छुट्ट्याउन ।<br>• नाय्खीं बाजा, गुलौँ बाजा, नगरा बाजा, धाँ बाजाको छोटो परिचय दिन । | • नाय्खीं बाजा, गुलौँ बाजा, नगरा बाजा, धा बाजा'को परिचय | • तपाईँहरूले के-के बाजाहरू बजाएको देख्नुभएको छ ? भनी प्रश्न गर्ने ।<br>• विद्यार्थीहरूले भनेका बाजाहरूको नाम सेतोपाटीमा टिप्दै जाने । नाय्खीं बाजा, गुलौँ बाजा, नगरा बाजा, धाँ बाजा'को परिचय बताउने ।<br>• बाजा बजाउँदै गरेको तस्बिर देखाई के के बाजा बजाएको छ ? सोध्ने ।<br>• बाजा बजाइएको भिडियो देखाएर बाजाहरूको नाम सोध्ने ।<br>• विद्यार्थीहरूबाट सही जवाफ नआएमा शिक्षकले तस्बिर को सहयोग लिएर स्पष्ट पार्ने ।<br>• सम्भव भए वास्तविक बाजा नै कक्षामा ल्याएर बजाएर देखाउने ।<br>• आवाजको आधारमा बाजाहरूको नाम भन्न लगाउने ।<br>• नाय्खीं बाजा, गुलौँ बाजा, नगरा बाजा, धाँ बाजा कुन कुन अवसरमा बजाइन्छ, स्पष्ट पार्ने । | भिडियो, वास्तविक बाजाहरू, तस्बिरहरू | आवाजको आधारमा बाजाहरू छुट्ट्याउनुहोस् । | ७ |
| ख) स्थानीय नाचहरू | • कलांली, झ्याउरे प्याखंको नाम बताउन ।<br>• दृश्यको आधारमानाचहरू छुट्ट्याउन ।<br>• कलांली, झ्याउरे प्याखंको छोटो परिचय दिन । | • कलांली, झ्याउरे प्याखं (नाच)को नाम<br>• कलाकार सङ्ख्या, बाजा बजाउने सङ्ख्या, कलाकारले लगाउने वेशभूषा, हाउभाउ, नाच्ने पर्व<br>• यी नाचहरूको साँस्कृतिक महत्त्व | • विद्यार्थीले देखेका विभिन्न नाचहरूको नाम पालैपालो बताउन लगाउने ।<br>• विद्यार्थीले देखेका नाचहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>• कलांली, झ्याउरे प्याखंहरूको क्लिप्सहरू देखाउने ।<br>• दृश्य देखाएर ती नाचहरूको नाम के हो ? भनी सोध्ने ।<br>• ती नाचहरूको परिचयसहित बयान गरिदिने जस्तै : नाचको नाम, कलाकार कति जना, बाजा बजाउने कति जना, कलाकारले लगाउने वेशभूषा, हाउभाउ, नाच्ने पर्व, सांस्कृतिक महत्त्व आदि ।<br>• सम्बन्धित पर्वमा नाचहरू अवलोकन गराउने । | नाचहरूको क्लिप्सहरू,<br>तस्बिरहरू | कलांली प्याखंमा कति जना कलाकारहरू नाच्छन् ?<br>झ्याउरे प्याखंको छोटो परिचय दिनुहोस् । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग) स्थानीय मन्दिर | • इनरे गणेद्यो (सूर्यविनायक), तिनगः बाराही (निलबाराही), ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायणका छोटो परिचय दिन ।<br>• ती मन्दिरको चित्र कोर्न । | • सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिरको चित्रसहितको परिचय | • तपाईंहरू सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>• सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिरभित्र के-केको मूर्ति छ ? भनी प्रश्न गर्ने<br>• सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिरको छोटो परिचय दिने ।<br>• सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिरको चित्र तथा श्रव्य दृश्य देखाउने ।<br>• सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिर अवस्थित क्षेत्र भ्रमण गराउने । सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिरको चित्र कोर्न लगाउने ।<br>• ती चित्रहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | चित्र तथा श्रव्यदृश्य ।<br>चित्रहरू | सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिरको छोटो परिचय दिनुहोस् ।<br>सूर्यविनायक, निलबाराही, ल्हासापाको ससुद्यो (महामञ्जुश्री) र चाँगुनारायण मन्दिरको चित्र कोर्नुहोस् । | |
| ८) स्थानीय व्यवसाय, सीप र प्रविधि<br>क) पेशा | शिक्षण, व्यापार तथा कृषि व्यवसायको छोटो परिचय दिन । | शिक्षण, व्यापार तथा कृषि व्यवसायको छोटो परिचय | ख्वपमा के के पेशा वा व्यवसाय अपनाइरहेका मानिसहरू छन् ? भनी प्रश्न गर्ने ।<br>विभिन्न व्यवसायमध्ये ख्वपमा शिक्षण, व्यापार र कृषि पेशाको बारेमा छोटो परिचय दिने ।<br>ती पेशाप्रति अपनत्व कायम गर्न विभिन्न क्रियाकलापहरू गर्ने । | वास्तविक व्यक्ति तथा चित्रहरू | शिक्षण पेशाको छोटो परिचय दिनुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख) माटाका सामानहरू | माटोबाट विभिन्न फलफूलहरू बनाउन । | केरा, सुन्तला, स्याउ, अम्बा आदि । | • माटोबाट के के सामानहरू बनाउन जान्दछौं ? भनी सोध्ने ।<br>• सबै विद्यार्थीलाई माटो दिएर आफूलाई मन पर्ने सामान बनाउन लगाउने र के बनाएको हो सोध्ने ।<br>• माटोबाट विभिन्न फलफूलहरू बनाउन सिकाउने<br>• माटोबाट बनाइएको सामानको तस्बिर वा श्रव्यदृश्य देखाउने ।<br>• विद्यार्थीले बनाएका सामानहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | तस्बिरहरू, भिडियो क्लिप्स | अवलोकन गर्ने | ५ |
| ग) सिलाइ बुनाइ | • आफ्नो लुगाको टाँक आफै राख्न ।<br>• सिलाइ उप्केको, च्याटेको लुगा आफै सिउन । | पुरानो लुगाका टाँकहरू सिलाई उप्केका लुगाहरू | • सबैलाई पुरानो लुगा, सियो धागो ल्याउन भन्ने<br>• लुगामा टाँक लगाउन सिकाउने ।<br>• उप्केको च्याटेको लुगा आफै सिउन प्रेरित गर्ने<br>• विद्यार्थीले सिएको नमिलेको ठाउँमा शिक्षकले सहयोग गर्ने । | भिडियो क्लिप्स, पुरानो लुगा, टाँक, सियोधागो, | अवलोकन | ५ |
| घ) खाद्य परिकार | • मासुको परिकाहरूको नाम भन्न ।<br>• मिक्वा, पंक्वा,को परिचय दिन र बनाउन आवश्यक सामग्रीहरूको सूची बनाउन ।<br>• बुलु बनाउन । | मासुका परिकारका नामहरू । जस्तैः दाय्काला, तखा, काचिला, तकोला, भूटन, जलां, सँङा ख्वाँय्, स्वपु म्हिचा, खागो, चोही, न्हेपु, तीस<br><br>मिक्वा, पंक्वाको परिचय र बनाउन आवश्यक सामग्रीहरूको सूची जस्तै : मेथी, सानो केराउ, लप्सी, हिङ, मसला आदि ।<br><br>बुलु बनाउन आवश्यक सामग्रीहरू । | • विद्यार्थीहरूलाई आ-आफ्नो घरमा खाने खाद्य परिकारहरू भन्न लगाउने ।<br>• मासुको के के परिकार खानुभएको छ? भनी सोध्ने । विद्यार्थीले भनेका परिकारहरूको नाम सेतोपाटीमा टिप्दै जाने । भन्न छुटाएका परिकारहरू सेतोपाटीमा टिप्ने जस्तैः दाय्काला, काचिला, तकोला, भूटन, तखा, सँङा ख्वाँयँ, सेलां, जलां, स्वपु म्हिचा, खागो, चोही, न्हेपु, तीस, आदि ।<br>• मिक्वा र पंक्वाको परिचय दिई यी परिकार बनाउने सामग्री तथा बनाउने विधिबारे बताउने । जस्तै : मेथी, सानो केराउ, लप्सी, हिङ, मसला आदि ।<br>• सम्भव भए मिक्वा र पंक्वा बनाई सबैलाई खुवाउने ।<br>• घरमा बिहान चियाको सट्टा बुलु कसले कसले खानुभएको छ भनी सोध्ने ।<br>• बुलुले दिने फाइदाको बारेमा बताउने । बुलु बनाउने सामग्रीहरू जस्तै : गेडागुडीको पीठो, पानी, बेसार, आदिको बारेमा बताउने ।<br>• बुलु बनाउने विधि बताई घर घरमा चियाको सट्टा बुलु बनाई खान प्रेरित गर्ने ।<br>• विद्यालयमा नै बुलु बनाई सबैलाई खुवाउने । | चित्र तथा भिडियो क्लिप्स् | मासुका विभिन्न परिकारहरूमध्ये कुनै पाँच ओटा परिकारहरू बताउनुहोस् ।<br><br>अवलोकन | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ९) स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | • विशेष अवस्थामा प्रयोग हुन कुनै पाँच जडीबुटीहरूको सूची तयार गर्न<br>• सामान्य ज्वरोमा प्रयोग गरिने घरायसी उपचार विधि उल्लेख गर्न | • विशेष अवस्थामा प्रयोग हुने स्थानीय जडीबुटीहरू जस्तै, इष्टमि, कसु, नान्सिचा (पानी अमला)पञ्चा आदि<br>• सामान्य ज्वरोमा प्रयोग गरिने घरायसी उपचार विधि | • तपाईंको दैनिक वा कहिलेकाही विशेष अवस्थामा प्रयोग हुन स्थानीय जडीबुटीहरू के के छन् ? भनी प्रश्न सोध्ने ।<br>• विद्यार्थीहरूबाट आएका उत्तरहरू सेतोपाटीमा टिप्ने र तिनीहरूमध्ये प्रयोगको आधारमा छुट्ट्याउने र सकेसम्म तिनीहरूको औषधीको गुण बताउने ।<br>• ती बाहेक इष्टमि, कसु, नान्सिचा (पानी अमला) आदिको उपयोग बताउने ।<br>• नामअनुसारको जडीबुटीहरू पहिचान गर्न लगाउने ।<br>• कुन जडीबुटीले के काम गर्न चित्रको सहयोग लिई बताउने ।<br>• जडीबुटीबारे घरमा पनि छलफल गर्न लगाउने ।<br>• सामान्य ज्वरो आउँदा घरमा नै गरिने उपचार विधिहरूबारेमा छलफल गर्ने ।<br>• यस प्रकारका उपचार विधि सकेसम्म प्रयोग गरी देखाउने ।<br>• त्यसको लागि घरमा अभिभावकसँग तथा जानकारसँग सोधेर आई कक्षामा प्रस्तुत गराउन लगाउने । | वास्तविक जडीबुटीहरू<br>वा<br>चित्रहरू | जडीबुटीहरूको एल्बम बनाउनुहोस् ।<br>विशेष अवस्थामा प्रयोग हुने कुनै पाँच पाँच वटा जडीबुटीहरू को नाम लेख्नुहोस् ।<br><br>ज्वरो आउँदा घरमा नै गरिने उपचार विधि उल्लेख गर्नुहोस् । | ४<br><br><br><br><br><br><br>४ |
| १०) स्थानीय खेल | बालगीतसहितका तथा स्थानीय खेलहरू खेल्न । | बालगीतसहितका खेलहरू<br>• चुइ चुई गेला गेला<br>• गोटी खेल (यकं धाला) | • सर्वप्रथम विद्यार्थीहरूसँग स्थानीय पुराना खेलहरूबारेमा छलफल गर्ने ।<br>• चउरमा लगी बालगीतसहितका खेलहरू खेलाउने ।<br>• चुइ चुई गेला गेला<br>• गोटी खेल (यकं धाला)<br>• खेल खेलाउनु अघि खेल खेल्ने नियम राम्ररी बुझाउने । | आवश्यक सामग्रीहरू गोटीहरू, खेलका नियम | अवलोकन | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>• विद्यार्थीहरूले क-कसले राम्रो खेले/नखेलेको रेकर्ड राख्ने ।<br>• खेलसँगै गीत पनि गाउन लगाउने ।<br>• घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | | | |
| ११) स्थानीय पर्यटन | • पर्यटकीय स्थानहरूको परिचय दिन ।<br>• पर्यटकहरूलाई स्थानीय उत्पादन बारेमा बताउन । | पर्यटकीय स्थानहरू जस्तै, दरवार क्षेत्र, तौमढी, दत्तात्रय, तालाक्व, सिद्धपोखरी आदि<br><br>पर्यटकहरूको लागि स्थानीय उत्पादनहरू जस्तै, भाद्गाउँले टोपी, जु जु धौँ, हस्तकलाहरू, मुकुण्डो, उपहारका सामग्रीहरू आदि | • पर्यटकको बारेमा विद्यार्थीहरू बीचमा छलफल गरी त्यसका प्रकारहरूबारे बताउने ।<br>• ख्वपको कुनै ठाउँमा लगी विभिन्न देशका पर्यटकहरू घुम्न आएको देखाउने ।<br>• पर्यटकसँग सम्बन्धित विभिन्न भिडियो क्लिप्सहरू देखाई छलफल गराउने ।<br>• पर्यटनबारेमा परिचय दिने ।<br>• पर्यटन व्यवसायबारेमा बताउने ।<br>• ख्वपको विभिन्न पर्यटकीय स्थानहरूको परिचय बताइदिने ।<br>• पर्यटकहरूको लागि ख्वपमा उत्पादन हुने विभिन्न सामग्रीहरूको सूची तयार गर्न लगाउने । | पर्यटकीय स्थानका फोटोहरू<br><br>पर्यटकहरूको लागि स्थानीय उत्पादनका फोटोहरू<br><br>भिडियो क्लिप्स | भक्तपुरका कुनै पाँच ओटा पर्यटकीय स्थानहरू भन्नुहोस् ।<br><br>पर्यटकहरूको लागि कुनै १० ओटा स्थानीय उत्पादनहरूको नाम लेख्नुहोस् । | १० |

# निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेख प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाका मुख्य उद्देश्य पठनउद्देश्यनसंगै विद्यार्थीहरुको सिकाईको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यस मूल्याङ्कन प्रक्रियामा निम्नानुसार विद्यार्थीहरुका प्रगति अभिलेख राख्नुपर्नेछ :

१. उद्देश्यगत आधारमा विद्यार्थीलाई कक्षामा सिकेको कुरालाई अनुसूची १ अनुसारको फाराममा तोकिएका मापदण्डका आधारमा एकदेखि तीन ओटासम्म रेजा (✓) चिह्न लगाउने ।

२. अतिउत्तम सिकेकालाई तीनओटा रेजा (✓✓✓), उत्तम सिकेकालाई दुईओटा रेजा (✓✓) र सामान्य सिकेकालाई एउटा रेजा (✓) दिने ।

३. प्रत्येक उद्देश्यमा रेजा दिनका लागि निम्न लिखित मापदण्डलाई आधार मान्ने:

| क्र.सं. | मापदण्ड | अतिउत्तम | उत्तम | सामान्य |
|---|---|---|---|---|
| १ | कक्षा कार्य (कक्षा सहभागिता) | ✓✓✓ | ✓✓ | ✓ |
| २ | परियाजना कार्य | ✓✓✓ | ✓✓ | ✓ |
| ३ | व्यवहार परिवर्तन | ✓✓✓ | ✓✓ | ✓ |
| ४ | सिर्जनात्मक कार्य | ✓✓✓ | ✓✓ | ✓ |
| ५ | हाजिरी | ✓✓✓ | ✓✓ | ✓ |

४. उद्देश्यगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरुलाई निम्नलिखित तरिकाले क, ख, ग, श्रेणीमा छुट्याउने:

| | |
|---|---|
| ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म | क श्रेणी |
| ४० प्रतिशतदेखि ७० प्रतिशतसम्म | ख श्रेणी |
| ४० प्रतिशतभन्दा तल | ग श्रेणी |

५. उद्देश्यगत रेजाहरुको प्रतिशत निकाल्ने तरिका:

$$\text{सूत्र: रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीले पाएका जम्मा रेजा}}{\text{जम्मा पढाइ भएको उद्देश्य संख्या ह १५}} \times १००$$

उदाहरण: (क) कुनै एक विषयमा प्रथम त्रैमासिकसम्म पढाइ भइसकेका उद्देश्य संख्या . ६

कुनै एउटा विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको रेजा संख्या . ६०

सूत्र अनुसार हिसाब गर्दा

$$\text{रेजा प्रतिशत} = \frac{६०}{६ \times १५} \times १००$$

उक्त विद्यार्थीको रेजा प्रतिशत ६६.६६

त्यसकारण उक्त विद्यार्थीको श्रेणी ख भयो ।

द्रष्टव्य माथिको प्रक्रियाबाट ख र ग श्रेणी पनि निकाल्न सकिने ।

६. उद्देश्यगतरुपमा सिकेका कुरा मूल्याङ्कन गर्दा उद्देश्य्यक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धिहरु पूरा भए नभएको हेर्नुपर्ने छ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम नं. २ (अनुसूची २)मा उद्देश्यगत निरन्तर विद्यार्थी मूल्याङ्कनको रेजालाई बुँदा नं. ४ अनुसार क, ख, ग श्रेणीमा र लिखित तथा मौखिक उपलब्धि मापनको अङ्कसाथ राख्ने व्यवस्था गर्नुपर्नेछ ।

८. अनुसूची १ र २ अनुसारको सिकाइ अभिलेख फाराम विद्यालय आफैले तयार गर्नुपर्नेछ ।

अनुसूची - १

# निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

(मूल्याङ्कन मापदण्डका आधारमा रेजा लगाउने)

कक्षा ........................ विषयः ..................................... शैक्षिक सत्र .............................

| क्र.सं. | विद्यार्थीको नाम | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कक्षा शिक्षक ........................ रुजु गर्ने .................................... प्र.अ.को दस्तखत .............................

द्रष्टव्यः यस सिकाई अभिलेखका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिका बारेमा उनीहरुका अभिभावकलाई समय समयमा जानकारी गराउनुपर्नेछ ।

अनुसूची - २

# विद्यार्थी प्रगति विवरण


शैक्षिक सत्र..................

विद्यालयको नामः श्री ........................

विद्यार्थीको नामः ..................................... कक्षाः ............................. रोल नं. .............................

| विषय | (निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी क, ख, ग) | | | आवधिक उपलब्धिस्तर (लिखित तथा मौखिक परीक्षाको आधारमा अङ्क दिने । तर यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र प्रगति प्रतिवेदनका लागिमात्र हुनेछ ।) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | वार्षिक परीक्षा | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | वार्षिक परीक्षा | | |
| | | | | पूर्णाङ्क १० | प्राप्ताङ्क | पूर्णाङ्क ३० | प्राप्ताङ्क | पूर्णाङ्क ६० | प्राप्ताङ्क | |
| नेपाली | | | | | | | | | | |
| अङ्ग्रेजी | | | | | | | | | | |
| गणित | | | | | | | | | | |
| सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | | | | | | | |
| विज्ञान, स्वास्थ्य, र शारीरिक शिक्षा | | | | | | | | | | |
| स्थानीय विषय/मातृभाषा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

कक्षा शिक्षक ........................ रुजु गर्ने .................................... प्र.अ.को दस्तखत .............................


Bhaktapur Municipality
N
भक्तपुर नगरपालिका
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality Boundary
Ward Boundary
Municipality Center
Bkt_bnd_polygon
0 237.5 475 950 1,425 1,900 Meters
Source:
Topographic Sheets, Survey Department 1999
Ministry of Federal Affairs and Local Development